देवघाट गाउँपालिकाको

(आ.व. २०८२/०८३ को चौथो त्रैमासिकको स्वतः प्रकाशन)

# सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम

## सार्वजनिक गरिएको विवरणः



## आ.व. २०८२/०८३ को चौथो त्रैमासिक अवधिको स्वतः प्रकाशन

**प्रकाशक**

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहूँ
गण्डकी प्रदेश, नेपाल
सम्पर्क नं.: ०५६५०००६८
ईमेलः devghat.ruralmun@gmail.com

# सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरणः

**सूचना सार्वजनिक गर्ने निकायको नामः-** देवघाट गाउँपालिका, देवघाट, तनहूँ
**प्रतिवेदन सार्वजनिक गरेको अवधिः-** आ.व. २०८२/०८३ को चौथो त्रैमासिक (वैशाख, ज्येष्ठ र असार महिना)

**१. निकायको स्वरुप र प्रकृति**

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनर्संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस तनहुँ जिल्लाको साविकका गा.वि.स.हरु कोटा, बैदी, छिपछिपे र देवघाट गाविसलाई समायोजन गरी देवघाट गाउँपालिका गठन गरिएको हो। समावेश भएका साविकका गाविसहरु मध्ये देवघाट गाविसलाई दुई वटा वडा, साविक कोटा गाविसको १, २, ३, ८ र ९ गरी एक वडा, साविक कोटा गाविसको वडा नं. ४, ५, ६ र ७ र साविकको वैदी गाविसको ४, ५, ६, ७, ८ र ९ वडा गरी एक वडा र साविक छिपछिपे गाविसलाई एक वडा गरी जम्मा ५ वटा वडामा विभाजन गरिएको छ। गाउँपालिकाको जम्मा क्षेत्रफल १५९ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा आँबुखैरेनी गा.पा. र चितवन जिल्ला, पश्चिममा ऋषिङ्ग गा.पा. र नवलपरासी जिल्ला, उत्तरमा ऋषिङ्ग, बन्दिपुर, आँबुखैरेनी गा.पा. र व्यास न.पा. र दक्षिणमा नवलपरासी र चितवन जिल्ला रहेको छ। केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा घरपरिवार संख्या ३६७० र जम्मा जनसंख्या १४,५९८ मध्ये परिवारको औसत जनघनत्व ९२ रहेको छ भने साक्षर दर महिला ६७.४८ र पुरूष ८४.२० गरी जम्मा ७५.४२ प्रतिशत रहेको छ।

**ऐतिहासिक महत्व**

नेपालको ७ प्रदेशहरु मध्ये गण्डकी प्रदेशमा पर्ने तनहुँ जिल्ला पनि एक हो। समून्द्र सतहवाट न्यूनतम १८७ देखि २१३४ मिटरको उचाईसम्म रहेको छ। नेपाल राज्यको केन्द्र भागमा अवस्थित तनहुँ जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ।

यस गाउँपालिकामा पर्ने देवघाट धाम परापूर्वकाल देखि पवित्र तिर्थ स्थलको रुपमा परिचित रहेको छ। धर्मशास्त्रमा उल्लेख भए अनुसार यस भूमिमा परापूर्वकालमा देवताहरु बसोवास गर्नुभएकोले यस पवित्र भूमिको नाम देवघाट रहन गएको हो भनि उल्लेख गरिएको छ। हिन्दु धर्म शास्त्रमा उल्लेख गरिए अनुसार चारधाम क्षेत्र स्नान गरेर यस तिर्थमा स्नान् गरिएको छैन भने मानव जिवन व्यर्थ हुने साथै अन्यत्र तिर्थ नगई यस तिर्थमा मात्र स्नान् गरेमात्र पनि चारधाम तिर्थ गए बराबरको पूण्य प्राप्त हुन्छ भनि शास्त्रमा उल्लेख गरिएको भेटिन्छ। यस्तो पवित्र तिर्थस्थललाई केन्द्र विन्दु बनाएर गठन गरिएको यस गाउँपालिकाको प्राकृतिक, ऐतिहासिक धार्मिक सौन्दर्यताले भरिपूर्ण नगरीको विकासको गुरुयोजनामा धार्मिक पर्यटन क्षेत्रको ठूलो भूमिका साथै महत्वपूर्ण क्षेत्र ओगटको देखिन्छ। विदेशी पाहुनाको लागि देवघाट नदीमा विभिन्न मनोरञ्जन लिने वोटीङ डुङ्गाहरु राखिएका छन। हिमालवाट विभिन्न नदिहरु मिसिएर बग्दै आएको चिसो सुन्दर पवित्र यस नदीको पानीमा वोटीङ्ग गर्दै मनोरम प्रकृतिक हरियाली जंगलको दृश्य अवलोकन गर्न पाउनु पर्यटकको लागि धेरै महत्वपूर्ण स्थान रहेको छ। यस भेगका पालुराजा मन्दिर, नेछेलिङ गुम्बा, छरछरे झरना, प्याउलीगढी, सिन्च्याङगढी, घण्टाचुली, सीता गुफा, सिद्धेश्वर मन्दिर, हरिहर मन्दिर, चक्रवर्ति मणिमुकुन्देश्वर मन्दिर, बेणी संगमले धार्मिक महत्व बोकेका छन भने देवघाट २ र ३ को सुन्तला बगैचाले मन नै लोभ्याउने गर्दछ।

अझ यस भूमिलाई मानव निर्मित श्रोत र साधनले सिंगार्न सकेमा यसको महत्व विश्वमा एकै मात्र तीर्थस्थल हुने परिकल्पना गर्न सकिन्छ।



नि. प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको



**२. निकायको काम, कर्तव्य र अधिकार**

देवघाट गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेकोव छ ।

१. गाउँपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. उपदफा (१) को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी
(ख) सहकारी संस्था
(ग) एफ.एम. सञ्चालन
(घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
(ङ) स्थानीय सेवाको ब्यवस्थापन
(च) स्थानीय तथ्यांकन र अभिलेख संकलन
(छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
(ज) आधारभुत तथा माध्यामिक शिक्षा
(झ) आधारभुत स्वास्थ्य र सरसफाइ
(ञ) स्थानीय बजार ब्यवस्थापन
(ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ
(ठ) स्थानीय अभिलेख ब्यवस्थापन
(ड) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण
(ढ) कृषि तथा पशुपालन, कृषि उत्पादन ब्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
(ण) जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति र अशक्तहरूको ब्यवस्थापन
(त) बेरोजगारको तथ्यांक संकलन
(द) बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप र उद्यमशीलताको उपयोग,
(ध) खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा,
(न) विपद् ब्यवस्थापन
(प) भाषा संस्कृतिक र ललितकलाको संरक्षण र विकास

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः-** कर्मचारी संख्या जम्मा १११ जना (वडा, स्वास्थ्य चौकी र विभिन्न कार्यक्रम सहित)

**शाखा प्रमुखको विवरण तथा जिम्मेवारीः**

| क्र.सं. | नाम,थर | पद | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | प्रधुब्न कुमार | प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०६०९९० |
| २. | होम नाथ लामिछाने | शिक्षा अधिकृत | शिक्षा | ९८४४२०९९८९ |
| ३. | विश्वास अंगाइ | अधिकृत | कृषि, योजना, वन वातावरण तथा पर्यटन | ९८४४२०९९५६ |
| ४. | गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत | प्रशासन<br>सामाजिक सुरक्षा तथा पञ्जिकरण | ९८४४२०९९४१ |
| ५. | शरद न्यौपाने | लेखा अधिकृत | लेखा | ९८४४२०९९४० |
| ६. | अरुण पौडेल | इन्जिनियर | पूर्वाधार विकास तथा भवन नियमन | |
| ७. | प्रदिप कुमार बुढाथोकी | सि. अ.हे.व | स्वास्थ्य | ९८४४२०९९४५ |
| ८. | जिवन गुरूङ | अधिकृत | आन्तरिक राजश्व तथा जिन्सी | ९८५५०६४४०५ |
| ९. | कृष्णराज पन्त | कार्यक्रम अधिकृत | WASH, उद्योग, सहकारी, संघसंस्था समन्वय, भूमि ब्यवस्थापन, सामी | ९८४४२०९९४४ |
| १०. | अरूण अधिकारी | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि तथा अभिलेखीकरण शाखा | ९८४४२०९९६३ |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ११. | कर्ण गुरूङ | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार कार्यक्रम<br>वन, विपद् तथा वातारण | ९८४४२०९९६४ |
| १२. | हेमराज शर्मा | सहायक आ.ले.प. अधिकृत | आन्तरिक लेखा परिक्षण | ९८४४२०९९६५ |
| १३. | प्रदिप सापकोटा | पशु चिकित्सक | पशु विकास शाखा | ९८४५३२७५८७ |
| १४ | सम्झना खत्री | एम.आइ.एस अपरेटर | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | ९८५५०४३४६० |
| १५. | सुकु माया थापा | म.वि.नि | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | ९८४६७१०२६१ |

नि. प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको (आ.व. २०८२/०८३ को चौथो त्रैमासिकको स्वतः प्रकाशन)

## ४. नागरिक वडापत्र

यस निकायबाट तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाहरू र लाग्ने समयावधि तथा आवश्यक कागजात तथा प्रमाणहरु र प्रकृया देहायबमोजिम रहेको छ।

### वडास्तरीय नागरिक वडापत्र

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको सिफारिस | १. निवेदन र अनुसूची फाराम<br>२. जन्म दर्ताको प्रमाण पत्र/ विवाह दर्ताको प्रमाण पत्र/ बसाई सरी आएको हकमा बसाईसराईको प्रमाण पत्र<br>३. व्यक्तिगत घटना दर्ता हुन नसक्ने कारण भएमा घटना दर्ता प्रमाणित सिफारिस पत्र<br>४. शैक्षिक योग्यताको प्रमाणपत्र<br>५. हालसालै खिचेको पासपोर्टसाईजको फोटो ४ प्रति<br>६. अंगिकृत/वैवाहिक तथा जन्मको नागरिकहरुका हकमा नागरिकता ऐन २०६३ अनुसार हुने | १. आवश्यक कागजात सहितको निवेदनमा वडा अध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखाबाट कागजात तयार गराउने बाबु/आमा/पति वा परिवारको जेष्ठ सदस्यबाट सनाखत गराउने<br>३. वडा अध्यक्षबाट सिफारिस गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने। | १०० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २ | नागरिकता प्रमाण पत्रको प्रतिलिपी सिफारिस | १. निवेदन<br>२. अनुसूची फाराम<br>३. नागरिकताको प्रतिलिपी/मतदाता परिचय पत्रको प्रतिलिपी<br>४. हालसालै खिचेको पासपोर्ट साईजको फोटो ४ प्रति | १. आवश्यक कागजात सहितको निवेदनमा वडा अध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखाबाट कागजात तयार गराउने बाबु/आमा/ पति वा परिवारको जेष्ठ सदस्यबाट सनाखत गराउने<br>३. वडा अध्यक्षबाट सिफारिस गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने। | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ३ | नाबालक प्रमाणित सिफारिस | १. निवेदन र अनुसूची फारम<br>२. जन्म दर्ताको प्रतिलिपी<br>३. हालसालै खिचेको पासपोर्ट साईजको फोटो ४ प्रति<br>४. बाबु/आमाको नागरिकताको प्रतिलिपी/मतदाता परिचय पत्रको प्रतिलिपी | १. आवश्यक कागजात सहितको निवेदनमा वडा अध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखाबाट कागजात तयार गराउने बाबु/आमा/ पति वा परिवारको जेष्ठ सदस्यबाट सनाखत गराउने<br>३. वडा अध्यक्षबाट सिफारिस गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने। | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ४ | नाम फरक भई संशोधनको सिफारिस वा दुई नामथर एकै भएको भन्ने प्रमाणित सिफारिस | नाम संशोधन गर्नु पर्ने कागजातको प्रतिलिपी तथा प्रमाणहरु: जस्तै,<br>१. ने.ना.प्र.पत्र<br>२. पेन्सन पट्टा<br>३. जगाधनी प्रमाण पूर्जा<br>४. मतदाता नामावली आदिको प्रतिलिपी | १. आवश्यक कागजात सहितको निवेदनमा वडा अध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखाबाट रुजु गराउने दर्ता गरी सिफारिस शाखाबाट सिफारिस गराउने र वडा अध्यक्षबाट सिफारिस गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने। | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ५ | नाता प्रमाणित | १. रित पूर्वक निवेदन<br>२. नाता कायम हुनु पर्ने व्यक्तिहरुको ने.ना.प्र.पत्रको प्रतिलिपी/जन्म दर्ता / मृत्यु दर्ता / बसाईसराईको प्रमाण पत्रको प्रतिलिपी (आवश्यकता अनुसार) | १. आवश्यक कागजात सहितको निवेदनमा वडा अध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखाबाट रुजु गराउने दर्ता गरी सिफारिस शाखाबाट सिफारिस गराउने र वडा अध्यक्षबाट सिफारिस गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने। | . ५००/-<br>१०००/-<br>ंग्रेजीमा) | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ६ | घर बाटो सिफारिसहरु | १. निवेदन<br>२. ने.ना.प्र.पत्रको प्रतिलिपी<br>३. जगाधनी प्रमाण पुर्जाको प्रतिलिपी<br>४. नापी नक्सा<br>५. घरको नक्साको प्रतिलिपी<br>६. चालु आ.व.को सम्पत्ति कर बुझाएको रसिद | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारि शाखाबाट सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ४५०<br>ब्र १५०० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ७ | चार किल्ला प्रमाणित | १. निवेदन<br>२. ने.ना.प्र.पत्रको प्रतिलिपी<br>३. जगाधनी प्रमाण पुर्जाको प्रतिलिपी<br>४. नापी नक्सा / घरको नक्साको प्रतिलिपी<br>५. चालु आ.व.को सम्पत्ति कर बुझाएको रसिद<br>६. संधियारहरुको जगाधनी प्रमाण पुर्जा र ने.ना.प्र.पत्र | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारि शाखाबाट सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ३५० देखि ५५० सम्म | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ८ | घर जग्गा नामसारी सिफारिस | १. हकवालाहरुको संयुक्त निवेदन<br>२. नागरिकता र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>४. मृत्युदर्ता, विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी<br>६. नामसारी गर्ने घरको ईजाजत वा सम्पन्न कागजातहरु<br>७. चालु आ.व. को सम्पत्तिकर बुझाएको रसिद<br>८. अन्य आवश्यक कागजातहरु | १. आवश्यक निवेदनमा वडाध्यक्षबाट तोक लगाउने।<br>२. प्रशासन शाखाबाट रुजु गराउने दर्ता गरी सिफारिस शाखाबाट सिफारिस गराउने वडाध्यक्षबाट सिफारिस गराउने।<br>३. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ५५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ९ | सम्पत्तिकर दाखिला वा खारेजी | १. विवरण सहितको निवेदन फाराम<br>२. नागरिकताको प्रतिलिपी<br>३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी<br>४. घरको नक्सापास<br>५. पुरानो रसिद | १. प्रशासन शाखा वा राजश्व शाखाबाट फारम प्राप्त गरी फाराम भराउने<br>२. राजश्व शाखामा फाराम र कागजात समेत पेश गर्ने<br>३. कर बुझाई रसिद प्राप्त गर्ने | आर्थिक न अनुसार | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १० | घर भाडा/बहाल विटौरी कर | १. नागरिकताको प्रतिलिपी<br>२. भाडा सम्झौता पत्रको प्रतिलिपी<br>३. रसिद बिल तथा भरपाईको प्रतिलिपी<br>४. उपभोग गरेको जग्गाको विवरण सहितको निवेदन फाराम | १. प्रशासन शाखा वा राजश्व शाखाबाट फाराम प्राप्त गरी फाराम भराउने<br>२. राजश्व शाखामा फाराम र कागजात समेत पेश गर्ने<br>३. कर बुझाई रसिद प्राप्त गर्ने | डा /बहाल मको १०% | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| ११ | विद्युत ट्रान्सफर्मर जडान र मिटर सम्बन्धी सिफारिस | १. निवेदन फाराम<br>२. नागरिकताको प्रतिलिपी<br>३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी<br>४. घरको नक्सा वा विवरण<br>५. सम्पत्तिकर/मालपोत भूमिकर बुझाएको रसिद<br>६. व्यवसाय भएमा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी | १. राजश्व तिरेको रसिद<br>२. वडा मुचुल्का (आवश्यक परेमा)<br>३. वडाध्यक्षको सिफारिस<br>४. प्रशासन शाखामा रुजु गराउने दर्ता चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | २५० देखि ५५० सम्म | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |

नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १२ | घर नक्सापास सम्बन्धी | १. निवेदन फाराम<br>२. नागरिकताको प्रतिलिपी<br>३. जगाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>४. सम्पत्तिकर बुझाएरको रसिद | १. सँधियारको नाउँमा जारी १५ दिने सूचना टाँस गर्ने र रोहवरमा सँधियारहरुलाई राख्ने १५ दिन पश्चात सर्जमिनका लागि सम्बन्धित फिल्डमा उपस्थित हुने र उपस्थितीको व्यवस्था मिलाउने ।<br>२. स्थलगत सर्जमिनसँगै सो स्थानमा घर निर्माण गर्न मिल्ने/नमिल्ने सहितको सिफारिस तयार गराई वडाध्यक्षबाट प्रमाणित गराई गाउँपालिकामा पेश गर्ने अन्य नियमहरु नक्सा दरखास्त फाराममा उल्लेख भए अनुसार हुनेछ । | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १३ | आयश्रोत तथा घर जग्गा मुल्यांकनदर प्रमाणित | १. निवेदन फाराम<br>२. नागरिकतार जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>३. घरको नक्सा वा नापी नक्सा प्रतिलिपी<br>४. सम्पतिकर बुझाएको रसिद<br>५. आवश्यक परेमा सर्जमिन मुचुल्का | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारिस शाखाबाट सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | कुल रकमको ०.१५% | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १४ | घर कायम सिफारिस | १. नागरिकता सहित निवेदन<br>२. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>३. नापी नक्सा तथा घरको नक्सा पास प्रमाणित पत्रको प्रतिलिपी<br>४. सम्पत्तिकर बुझाएको रसिद<br>५. आवश्यक परेमा सर्जमिन मुचुल्का | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक आदेश गर्ने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ३५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १५ | जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी लागि सिफारिस | १. निवेदन फाराम<br>२. नागरिकताको प्रतिलिपी<br>३. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>४. सम्पत्तिकर बुझाएको रसिद<br>५. आवश्यक परेमा सर्जमिन मुचुल्का | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक आदेश गर्ने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्त गरी सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ५५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १६ | व्यवसाय दर्ताको लागि सिफारिस | १. नागरिकताको प्रतिलिपी सहित निवेदन<br>२. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>३. घरको नक्सा/नापी नक्साको प्रतिलिपी<br>४. चारकिल्ला सँधियारहरुबाट अनुमती तथा मुचुल्का<br>५. भाडामा भए भाडा सम्झौता पत्रको प्रतिलिपी<br>६. सम्पत्तिकर तिरेको रसिद<br>७. आवश्यक अन्य कागजातहरु | १ . निवेदनमा वडाध्यक्षबाट तोक लगाउने प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारिस शाखाबाट सिफारिस गराउने वडाध्यक्षबाट प्रमाणित गराउने चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १७ | अस्थायी बसोबास प्रमाणित सिफारिस | १. नागरिकताको प्रतिलिपी सहित निवेदन<br>२. घरभाडा सम्झौता पत्र र घर भाडा कर बुझाएको रसिदको प्रतिलिपी<br>३. वडा सदस्यबाट सनाखत सहितको स्थानीय ५ जनाको मुचुल्का र साक्षी बस्नेको नागरिकताको प्रतिलिपी<br>४. आवश्यक अन्य कागजातहरु | १. आवश्यक कागजात सहितको निवेदनमा वडाध्यक्षबाट तोक आदेश गर्ने<br>२. प्रशासन शाखामा रुजु गराउने दर्ता गरी सिफारिस गराउने<br>३. वडाध्यक्षबाट प्रमाणित गराउने<br>४. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १८ | संस्था दर्ता सिफारिस | १. रित पूर्वक निवेदन<br>२. भौगोलिक अवस्था अनुसारको सबै परिवार समेटी वैठक बसी गरिएको निर्णय<br>३. समितिमा रहने सदस्यहरुको नागरिकताको प्रतिलिपी<br>४. संस्थाको प्रमाणित विधान ४ प्रति | १. वडाध्यक्षको तोक सहित प्रशासन शाखामा निवेदन दर्ता गराउने<br>२. सिफारिस तयार गराई वडाध्यक्षबाट प्रमाणित गराउने<br>३. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| १९ | योजना सञ्चालन तथा सम्झौता तथा अन्तिम भुक्तानी सम्बन्धी सिफारिस | १. उपभोक्ता समिति गठन गरिएको निर्णय र सम्झौताको लागि अधिकार प्रदान गरिएको निर्णय योजना किताब<br>२. प्राविधिक इष्टिमिट वा मूल्यांकन तथा बिल<br>३. बैंक खाता नं. तथा खर्चका बिल भरपाईहरु<br>४. पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी सहित आधिकारिक निवेदन पत्र | १. उपभोक्ता समितिबाट अध्यक्ष स्वयं उपस्थित हुने<br>२. रित पूर्वक कागजातहरु पेश गरी योजना सम्झौता वा भुक्तानीका लागि सिफारिस गराउने र वडाध्यक्षबाट प्रमाणित गराउने<br>३. चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | निशुल्क | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २० | जातजाती प्रमाणित सिफारिस | १. रित पूर्वकको निवेदन<br>२. नागरिकता/जन्मदर्ताको प्रतिलिपी<br>३. आवश्यक परेमा मुचुल्का | १. वडाध्यक्षको तोक आदेश गराई सिफारिस/प्रशासन शाखामा रुजु गराउने सिफारिस शाखाबाट सिफारिस गराई दर्ता चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | २५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |



नि. प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको (आ.व. २०८२/०८३ को चौथो त्रैमासिकको स्वतः प्रकाशन)

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| २१ | व्यक्तिगत घटना प्रमाणित सिफारिस | १. रित पूर्वकको निवेदन<br>२. नेपाली नागरिकताको प्रमाण पत्र<br>३. शैक्षिक योग्यताको प्रमाण पत्र<br>४. स्थानीय मुचुल्का र मुचुल्कामा साक्षी बस्नेहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>५. आवश्यक अन्य कागजात हरु | १. रित पूर्वकको निवेदनमा वडाध्यक्षको तोक लगाउने।<br>२. प्रशासन शाखामा रुजु गराउने<br>३. राजश्व बुझाउने<br>४. प्रशासन/सिफारिस शाखाबाट सिफारिस गराउने<br>५. वडाध्यक्षबाट प्रमाणित गरी चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ३५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २२ | अविवाहित प्रमाणीत तथा व्यक्ति प्रमाणित सिफारिस | १. रित पुर्वकको निवेदन<br>२. नेपाली नागरिकताको प्रमाण पत्र वा जन्मदर्ताको प्रमाण पत्र<br>३. स्थानीय मुचुल्का र मुचुल्कामा साक्षी बस्नेहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>४. आवश्यक अन्य कागजातहरु | १. रित पूर्वकको निवेदनमा वडाध्यक्षबाट तोक लगाउने<br>२. प्रशासन शाखामा रुजु गराउने<br>३. राजश्व बुझाउने<br>४. प्रशासन/सिफारिस शाखाबाट सिफारिस गराउने<br>५. वडाध्यक्षबाट प्रमाणित गरी चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | ३५० | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २३ | छात्रवृत्तिको सिफारिस | १. रित पूर्वकको निवेदन<br>२. नागरिकता/जन्मदर्ताको प्रतिलिपी<br>३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी<br>४. आवश्यक परेमा वडा मुचुल्का | १. वडाध्यक्षको तोक आदेश गराई सिफारिस/प्रशासन शाखामा रुजु गराउने सिफारिस शाखाबाट सिफारिस गराई दर्ता चलानी गराई छाप लगाई सिफारिस प्राप्त गर्ने | निशुल्क | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २४ | स्वास्थ्य उपचार सम्बन्धी सिफारिस | १. रित पूर्वक निवेदन<br>२. स्थानीय मुचुल्का वा वडा सदस्यको सनाखत पत्र<br>३. स्वास्थ्य अभिलेखसँग सम्बन्धित अन्य कागजातहरु | १. निवेदन वडाध्यक्षको तोक आदेश गरी दर्ता गराउने।<br>२. प्रशासन शाखाबाट सिफारिस तयार गराउने वडा अध्यक्षबाट प्रमाणित गरी सिफारिस लिने | निशुल्क | ३० मिनेट | वडा सचिव र वडाध्यक्ष |
| २५ | व्यक्तिगत घटना दर्ता | **जन्मदर्ता**<br>१. जन्मको प्रमाण वा मिति खुलेको कागजात<br>२. बाबु/आमाको नागरिकता<br>२. बाबु/आमाको विवाह दर्ताको प्रमाण पत्र<br>**मृत्युदर्ता**<br>१. मृतकको नागरिकता वा जन्मदर्ता<br>२. बाहिरबाट आएको हकमा बसाईसराईदर्ता प्रमाणपत्र<br>**विवाहदर्ता** | १. जन्मदर्ताको लागि बाबु/आमा वा परिवारको जेष्ठ सदस्यले सूचना दिनु पर्ने<br>१. मृत्युदर्ताको लागि श्रीमान/श्रीमती, बाबु/आमा, छोरा/बुहारी वा परिवारको जेष्ठ सदस्यले सूचना दिनु पर्ने<br>१. पति/पत्नी दुवै जना अनिवार्य उपस्थित भई सूचना दिनु पर्ने | निशुल्क (३५ दिन पछि विलम्ब शुल्क रु. २००/-) प्रतिलिपी रु. ५००/- | ३० मिनेट | वडा सचिव |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | १. पति/पत्नीको नागरिकताको प्रमाणपत्र (पत्नीको नागरिकता नबनेको भएमा जन्मदर्ता प्रमाणपत्र)<br>२. पति/पत्नीको बाबु/आमाको ने.ना.प्र.पत्रको प्रतिलिपी<br>३. पति/पत्नीको २/२ प्रति हालसालै खिचेको फोटो | | | | |
| | | **बसाईसराई**<br>१. बसाईसराई जाने सम्बन्धित ठाउँको जग्गाधनी प्रमाण पुर्जा वा सो सरहको प्रमाणीत कागजात<br>२. बसाई सरी जाने परिवारका सम्पूर्ण सदस्यहरुको ने.ना.प्र.पत्रको प्रतिलिपी वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी | १. बसाई सराई जाने/आउने परिवारको मूख्य सदस्यले सूचना दिनुपर्ने | | | |
| | | **सम्बन्धविच्छेद**<br>१. अदालतको फैसलाको सक्कल प्रति<br>२. पति/पत्नीको ने.ना.प्र.को प्रतिलिपी | १. आवश्यक कागजात सहित पति वा पत्नी उपस्थित भई सूचना दिनु पर्ने | | | |
| | | **जेष्ठ नागरिक (अन्य):**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. ७० वर्ष उमेर पूरा भएको नागरिकता र सो को प्रतिलिपी<br>३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति | १. ६८ वर्ष उमेर पूरा भएपछि जेष्ठ नागरिक (अन्य) हरुले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | | | |
| २६ | सामाजिक सुरक्षा भत्ता | **जेष्ठ नागरिक (दलित):**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. ६० वर्ष उमेर पूरा भएको नागरिकता र सो को प्रतिलिपी<br>३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति | १. ६० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिक (दलित) हरुले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | निशुल्क | ३० मिनेट | वडा सचिव |
| | | **असहाय एकल महिला:**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. उमेर खुलेको नागरिकता र सो को प्रतिलिपी<br>३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति<br>४. सम्बन्ध विच्छेद गरेको भए सम्बन्ध विच्छेद प्रमाण पत्रको प्रतिलिपी<br>५. अर्को विवाह नगरी बसेको प्रमाणित कागजात | १. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, न्यायिक पृथकिकरण गरी बसेका,<br>२. ६० वर्ष उमेर पूरा भएका विवाह नगरी बसेका एकल महिलाहरुले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | | | |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | **विधवा महिला:**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपी<br>३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति<br>४. अर्को विवाह नगरी बसेको प्रमाणित कागजात | १. पतिको मृत्यु भई अर्को विवाह नगरी बसेको विधवा महिलाहरुले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | | | |
| | | **दलित बाल पोषण:**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी<br>३. संरक्षकको ने.ना.प्र.पत्रको प्रतिलिपी<br>४. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति | १. जन्मेको ५ वर्ष मुनिका दलित बालबालिकाहरुको भत्ता निजको संरक्षकले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | | | |
| | | **अपाङ्ग भत्ता:**<br>१. रित पूर्वकको निवेदन फाराम<br>२. गा.पा.ले जारी गरेको अपाङ्ग परिचय पत्रको प्रतिलिपी<br>३. ने.ना.प्र.पत्र/जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी<br>४. संरक्षकको ने.ना.प्र.पत्रको प्रतिलिपी<br>५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो | १. अपाङ्ग भत्ता खाने लाभग्राहीको संरक्षकले उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन दर्ता गराउने | | | |
| | | पालिकास्तरीय | | | | |
| १ | संघसंस्था दर्ता सिफारिस | १. रित पूर्वकको निवेदन<br>२. संस्थाको प्रस्तावित विधान १ प्रति<br>३. संस्थाको निर्णय प्रतिलिपि १ प्रति<br>४.संस्थाको कार्य समितिको पदाधिकारीहरुको १/१ प्रति ना.प्र.पत्रको प्रतिलिपि<br>५. सम्बन्धित वडा अध्यक्षको सिफारिस | उल्लेखित आवश्यक कागजात सहित गा.पा. कार्यालयमा निवेदन दर्ता गराउने | २००० | ३० मिनेट | |
| २ | टोल विकास संस्था | १.रित पूर्वकको निवेदन<br>२.टोलविकास संस्थाको विधान<br>३.टोल विकास संस्थाकोविधान पदाधिकारीहरुकोनाम, ठेगाना बठैक मिति, मासिक बचत खुलेका<br>(निर्णय गरि पाउ भनि लेखिएको निवेदन संस्थाको छाप सहितको पत्र)<br>४.सम्बन्धित वडा अध्यक्षको सिफारिस | उल्लेखित आवश्यक कागजात सहित गा.पा. कार्यालयमा निवेदन दर्ता गराउने | ५०० | ३० मिनेट | |
| ३ | गा.पा. संग सम्बन्धित सूचना प्राप्त | १.रित पूर्वकको निवेदन<br>२.आवश्यक विवरण खुलेको निवेदन | उल्लेखित आवश्यक कागजात सहित गा.पा. कार्यालयमा निवेदन दर्ता गराउने | प्रचलित कानून वमोजिम | तुरुन्तै | |



नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सेवा | आवश्यक कागजात तथा प्रमाणहरु | प्रक्रिया | सेवा दस्तुर | लाग्ने समय | सेवा प्रदान गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ४ | योजना सम्झौता एवम् भुक्तानी सम्बन्धी | १. रित पूर्वकको निवेदन<br>२. वडा भेलाबाट उपभोक्त समिति गठनको निर्णयको प्रतिलिपि निवेदन<br>३. गाउ्पालिकाको स्वीकृत योजना<br>४. योजना सम्झौता खाता<br>५. उपभोक्ता समितिकोबंकै खाता<br>६. नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन तथा मूल्यांकन खर्चको विवरण, सार्वजनिक परि निर्णयको प्रतिलिपि<br>७. रकम भुक्तानी माग निवेदन<br>८. वडा समितिको सिफारिस<br>९. लागत वडा समितिको योजनाका लागी प्राविधिक लागत अनुमान अनुसार गा.पा.को बैंक खातामा<br>जम्मा गरेको सक्कल भौचर | उल्लेखित आवश्यक कागजात सहित गा.पा. कार्यालयमा निवेदन दर्ता गराउने | निशुल्क | ३० मिनेट | |
| ५ | नक्सापास | १. रित पूर्वकको निवेदन<br>२. गा.पा. ले उपलब्ध गराएको नक्सा पास दरखास्त फारम<br>३. जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि<br>४. नापी शाखाबाट प्रमाणित किता नापी नक्सा(ब्लु प्रिन्ट)<br>५. नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>६. गाउँपालिकामा सुचिकृत कन्सल्टेन्सी फर्म द्वारा निर्माण आचार संहिता बमोजिम तयारेनक्सा भएका डिजाईन<br>७. चालु आ.व. को मालपोत कर तिरेको रसिद | उल्लेखित आवश्यक कागजात सहित गा.पा. कार्यालयमा निवेदन दर्ता गराउने | आर्थिक ऐन अनुसार | ३० मिनेट | |

नि. प्रमुख प्रशासकीय अधिकृत

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी (संगठन तालिका):-



६. सेवाप्रदान गर्न लाग्ने दस्तुर र अवधिः- नागरिक वडा पत्रमा उल्लेख भए अनुसार

७. निर्णय गर्ने प्रक्रिया र अधिकारः-

- प्राप्त उजुरीहरू सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखा वा इकाईमा आवश्यक कारवाहीका लागि पठाइने र शाखा तथा इकाई प्रमुख बाट कारवाही प्रकृया अगाडि बढाइने।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः-

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | प्रकृया |
|---|---|---|---|---|
| १. | राजिव पन्थी | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०६०९९० | सोझै सम्पर्क वा भेट गर्ने |

नि. प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको

(आ.व. २०८२/०८३ को चौथो त्रैमासिकको स्वतः प्रकाशन)

९. सम्पादन गरेको कामको विवरणः-

❖ योजना तर्फः

**ठुला योजना (रु. २० लाख भन्दा बढी बजेट भएका)**

रु. २० लाख भन्दा बढी बजेट भएका कुल १९ वटा योजना मध्ये ९ वटा योजना सम्पन्न भएका छन भने २ वटा बहुवर्षिय निर्माणाधीन चरणमा रहेका छन।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन | विनियोजन (रु) | ठेक्का अवस्था |
|---|---|---|---|---|
| १ | घिनाटार टाउनचोक सडक बाकी सम्पन्न | ५ | ८,००,०००/- | सम्पन्न |
| २ | चन्दौली ढाडदेखि झाक्रीखोप अधुरो कृषि मार्ग | १ | २०,००,०००/- | सम्पन्न |
| ३ | दासढुङ्गा वेणीसंगम हुदै हर्दी पुल पदमार्ग | ५ | ७५,००,०००/- | सम्पन्न |
| ४ | भतेरी देखि बन्चरे तर्फ बाटो स्तरउन्नती गर्ने कार्य | २ | २०,००,०००/- | सम्पन्न |
| ५ | कोटा लिफ्टिंग सिंचाइ योजना | १ | २,४०,००,०००/- | सम्पन्न |
| ६ | सिन्च्याङ आमडाँडा खानेपानी आयोजना | ४ | १,२०,००,०००/- | सम्पन्न |
| ७ | बेसारघारी, नरम खानेपानी योजना पाईप खरिद खन्ने पुर्ने | २ | २०,००,०००/- | सम्पन्न |
| ८ | प्रदेश विशेष अनुदान वाटक खोला कल्भर्ट | ३ | ४०,००,०००/- | सम्पन्न |
| ९ | कार्यालय कम्पाउण्ड | ५ | | सम्पन्न |
| १० | साउने कर्ताप बाटो | सबै | ४६,००,०००/- | निर्माणाधीन |
| ११ | क्वादी खानेपानी आयोजना | ५ | ६८,००,०००/- | निर्माणाधीन |

**ठेक्का सूचना भएर सम्झौताको क्रममा ४ वटा योजनाहरू रहेका छन।**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन (रु) | ठेक्का अवस्था |
|---|---|---|---|---|
| १ | गौरीटार उकालो ढलान देखि पदम स्मृती भवन तर्फ कालोपत्रे | ५ | ५०,००,०००/- | सम्झौता |
| २ | झारखानी बाटो कालोपत्रे | ५ | ४०,००,०००/- | सम्झौता |
| ३ | देउपुर डवली पार्क देखि महेश आश्रम तथा चक्रवर्ती (नमस्ते | ५ | ७०,००,०००/- | सम्झौता |
| ४ | मधुचन्द्र अधुरो कभर्डहल क्रमागत | ५ | ४०,००,०००/- | निर्माणाधीन |

**सम्पन्न हुन नसकेका योजनाहरूको विवरण यस प्रकार रहेका छन।**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन (रु) | ठेक्का अवस्था |
|---|---|---|---|---|
| १ | गोरखाकाली आ.वि. २ कोठे भवन निर्माण | २ | २५,००,०००/- | |
| २ | दगरा जाने नाल्दी खोलामा कल्भर्ट निर्माण | ३ | २०,००,०००/- | |
| ३ | सानो भञ्ज्याङ् सिमलेक सडक कालापत्रे २ करोड (बहुवर्षिय योजना ) | सबै | ४०,००,०००/- | |
| ४ | फिदिमस्वारा खानेपानी योजना सम्पन्न | ३ | ३०,००,०००/- | |

**योजना सम्बन्धी विवरण**

देवघाट गाउँपालिकामा आ.व. २०८२/०८३ मा कुल २०३ वटा योजना विनियोजन भएकोमा १६८ वटा योजनाहरू सम्पन्न भएका छन भने २८ वटा योजना सञ्चालन हुन सकेनन्। हाल सञ्चालन प्रक्रियामा रहेका योजनाहरू कुल ७ वटा रहेका छन। सञ्चालन हुन नसकेका योजनामध्ये ६ वटा वडास्तरीय रहेका छन भने २२ वटा पालिकास्तरीय रहेका छन।



नि. प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको (आ.व. २०८२/०८३ को चौथो त्रैमासिकको स्वतः प्रकाशन)

| | सम्पन्न | प्रक्रिया | नभएका | जम्मा |
|---|---|---|---|---|
| पालिकास्तरीय | ९८ | ७ | २२ | १२७ |
| वडास्तरीय | ७० | | ६ | ७६ |
| कूल जम्मा | १६८ | ७ | २८ | २०३ |

**योजना सञ्चालन प्रक्रिया**

सञ्चालनमा रहेका तथा सम्पन्न भएका योजनाहरूमध्ये १०० वटा योजना उपभोक्ता समितिबाट, १४ वटा खुला बोलपत्र मार्फत, १६ वटा सिलबन्दी दरभाउपत्र मार्फत तथा २५ वटा योजना सोझै खरिद विधि मार्फत सञ्चालनमा रहेका छन।

❖ **जन-स्वास्थ्य इकाईः-**

- स्वास्थ्य संस्थाहरुबाट सेवा लिनेहरुको (नयाँ र पुरानो) जम्मा संख्या- ५६७७ जना (१९२९जना नयाँ र ३७४८जना पुरानो)
  - मातृ तथा नव शिशु सेवा कार्यक्रममा सेवा पाएका सेवा ग्राही संख्याहरु :-
  - गर्भवति सेवा (Any Time)- ५२ जना
  - ८ पटक भेट गर्ने संख्या – ३० जना
  - संस्थागत सुत्केरी सेवा - ११ जना
  - उत्तर प्रसुती सेवा (PNC Home Visit)-3rd day,7th days to 14 days visit – २४ जना
  - सुरक्षित गर्भपतन सेवा (MA)पाएका संख्या – १२ जना।
- कोटा, देवघाट,सिञ्च्याङ ,छिपछिपे ,बैदि र खाल्टे स्वास्थ्य संस्थाहरुबाट ग्रामिण अवस्ट्रटिभ भिडियो एक्सरे सेवा मासिक रुपमा नियमित सेवा प्रदान गरेको।
- परिवार नियोजन सेवा दिएको संख्या –
  - Pills प्रयोगकर्ता- ३६ जना
  - Pillsनयाँ प्रयोगकर्ता – १३ जना
  - Depo प्रयोगकर्ता - ९३ जना
  - Depo नयाँ प्रयोगकर्ता - २२ जना
  - Implant प्रयोगकर्ता - ५२१ जना
  - Implant नयाँ प्रयोगकर्ता - २६ जना
  - IUCD usear- २७ जना।
  - IUCD नयाँ प्रयोगकर्ता - १ जना
- BCG खोप पाएका संख्या - १५ जना, MR पहिलो – ५१ जना, MR दोस्रो- ५६ जना, DPT, Hep-B, Hib पहिलो, दोस्रो र तेस्रो क्रमश ३५,३१र ३४ जना, JE- ४५ जना, TCV– ५६ जना र TD - जम्मा ६९ जना, FIPV - पहिलो र दोस्रो क्रमश ३४,५१जनाले सेवा लिएको।पुर्ण खोप पाएका- ५६ जना।
- नियमित खोपमा जम्मा सेवा पाएका संख्या – ३२४ जना।
